म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ३४ २०८० पुस ६ गते शुक्रबार 22 December 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-



गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि


# खेलकुद तथा व्यापार महोत्सव सुरु



*खेलकुद तथा व्यापार महोत्सवको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री खड्का ।*

रोहित थापा

हेटौंडाः मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्थाको आयोजनामा वृहत् खेलकुद तथा व्यापार महोत्सव सुरु भएको छ। बिहिबार हेटौंडा-१० स्थित टिसिएन मैदानमा बागमती प्रदेश सरकारकी वन तथा वातावरणमन्त्री मसिना खड्काले महोत्सवको उद्घाटन गर्नुभयो । महोत्सवको उद्घाटन गर्नुहुँदै मन्त्री खड्काले खेलकुदले मानिसलाई अनुशासित बनाउने बताउनुभएको छ । मन्त्री खड्काले स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने नाराका साथ खेलकुदलाई आत्मासाथ गर्दै खेल्नुपर्ने बताउनुभयो ।

खेलकुदलाई प्राथमिकता दिएर नियमपूर्वक खेल खेलेमा अनुशासित हुने उहाँको भनाई छ। खेलकुदको प्रतियोगिताको माध्यमबाट आफ्नो देशलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चिनाउन सकिने, नकारात्मक भावनालाई न्युनीकरण गर्न सकिने, आफ्नो आत्मविश्वास बढ्ने उहाँको भनाइ नियो । बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठले खेल क्षेत्रको प्रोत्साहनको विषय सँगसँगै महोत्सव सुरु भएको बताउनुहुँदै महोत्सवमा सहुलियतमा बस्तु र सेवा उपलब्ध गराउन आग्रह गर्नुभयो ।

महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले अहिले आर्थिक मन्दीको अवस्थामा खेलकुद क्षेत्रमा सोचेको जस्तो बजेट विनियोजन हुन नसकेको बताउनुभयो । उहाँले खेलकुदको विकास गर्ने उद्देश्यले आयोजना गरिएको मेलाबाट हुने आम्दानीलाई खेलकुदको विकासमा प्रयोग हुने विश्वास व्यक्त गर्नुभयो। खेलकुद विकास समितिका अध्यक्ष वेश खड्कीले महोत्सवका लागि सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्नुभयो ।

महोत्सवमा खाद्यान्न, लत्ता-कपडा, खेलौना, खाना लगायत दुई सय ५० वटा स्टलहरु रहेका छन् । पुस १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा १३ वटा खेल आयोजना गरिँदैछ। उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, निवर्तमान नगरप्रमुख हरिबहादुर महत, प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिनाको पनि आतिथ्य रहेको थियो ।

# खिष्टमससमा राक्सिराङमा ३ दिन विदा

समाज संवाददाता

हेटौंडाः इसाई धर्मावलम्वीहरुको चाड खिष्टमसको अवसरमा मकवानपुर जिल्लाको राक्सिराङ गाउँपालिकाले ३ दिन बिदा दिने निर्णय गरेको छ । इसाई धर्मावलम्वीहरुको धेरै बसोबास रहेको हुँदा तीन दिन विदा दिने निर्णय गरिएको गाउँपालिकाले जनाएको छ ।

बिहिबार एक सूचना जारी गर्दै गाउँपालिकाले पुस ८, ९ र १० गते पालिकाका सार्वजनिक कार्यालय, सरकारी कार्यालय, शिक्षण संस्था एवम् बैङ्क तथा वित्तीय संस्थाहरु बन्द हुने जनाएको छ । खिष्टमस पर्व आगामी सोमबार परेको छ। खिष्टमसले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक, जातीय विविधतायुक्त गाउँपालिकामा बसोबास गर्नेहरुमा आपसी सद्भाव, सामाजिक एकता र भातृत्व कायम गर्ने अपेक्षा गाउँपालिकाले गरेको छ ।

# दौडमा पुरुषतर्फ सोहन, महिलातर्फ रेश्मा विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा बिहिबारबाट सुरु भएको खेलकुद महोत्सव अन्तर्गत पहिलो दिन भएको दौड प्रतियोगितामा पुरुषतर्फ सोहन राई र महिलातर्फ रेश्मा थापा विजयी भएका छन्। अन्य ३४ खेलाडीलाई पछि पार्दै पुरुषतर्फ राई प्रथम भएका हुन् । दौडमा सन्तोष गौतम द्वितीय र नवराज कार्की तृतीय भए ।

यस्तै महिलातर्फ २६ खेलाडीलाई पछि पार्दै रेश्मा थापा प्रथम भएकी हुन् । सजिना स्याङ्तान द्वितीय र सरिता हुमागाईं तृतीय भइन् । महिला र पुरुष दुवैतर्फको प्रथम, द्वितीय र तृतीय भएका खेलाडीले क्रमशः नगद ७ हजार, ५ हजार र ३ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। आज शुक्रबार जिल्लास्तरीय ब्याड्मिन्टन प्रतियोगिता हुनेछ। शनिबार जिल्लास्तरीय तेक्वान्दो, आइतबारबाट अन्तरजिल्ला महिला फुटबल, सोमबार राष्ट्रिय तेक्वान्दो, मंगलबार क्युकोसिन र आइटिएफ, पुस ११ र १२ गते राष्ट्रिय उसु, पुस १२, १३ र १४ गते पिप्ले क्याम्पा रंगशालामा हक्की, १३, १४, १५ र १६ गते महिला राष्ट्रिय भलिबल प्रतियोगिता, १३ गते महिला र पुरुषको रेस्लिङ तथा १७ गते कबड्डी प्रतियोगिता हुनेछ । सबै प्रतियोगिताको विजेता खेलाडीहरुले नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# बकैया युथ क्लबका खेलाडीलाई सम्मान

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले गाउँपालिकाका खेलाडीहरुलाई सम्मान गरेको छ। बिहीबार एक कार्यक्रमबीच मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको जिल्ला लिग क्वालिफाइ फुटबल प्रतियोगितामा प्रथम हुने २४ जना खेलाडीलाई बकैया खेलकुद विकास समिति र गाउँपालिकाको सहकार्यमा सम्मान गरिएको हो ।

प्रतियोगितामा प्रथम हुने खेलाडीहरुलाई ९० हजार रुपैयाँ बराबरको ट्र्याकसुट र मायाको चिनो कार्यपालिकाको सदस्यहरुबाट प्रदान गरिएको छ । आफ्नो ठाउँको खेलाडीहरुलाई प्रोत्साहन दिने र खेलाडीहरुको मनोबल वृद्धि गर्ने उद्देश्यले सम्मान गरेको बताइएको छ । यसअघि जिल्ला लिग प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडीहरुलाई १ हजार रुपैयाँको दरले नगद प्रदान गरिएको थियो । बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङको सभाध्यक्ष तथा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो। कार्यक्रममा प्रमुख प्रसाशकीय अधिकृत भक्तबहादुर खत्री र १२ वटा वडाका अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

अध्यक्ष लामिछानेले पालिकाका खेलाडीहरुलाई खेलकुदको माध्यमबाट चर्चित बनाउन सामग्री सहयोग गरेको बताउनुभयो। जिल्ला लिग प्रतियोगितामा प्रथम हुने खेलाडीहरुलाई धन्यवाद व्यक्त गर्दै आउने दिनहरुमा खेल क्षेत्रमा अझ बढी बजेट विनियोजन गर्ने बताउनुभयो ।

# लामा मृत फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका-६ ड्यामसाईडमा एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा बलेफी गाउँपालिका-८, कागुनका ३० वर्षीय विशाल लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

लामा मंसिर २८ गतेबाट हराएकोमा बुधबार बिहान ७ बजेर ३० मिनेटको समयमा सुनकोशी हाईड्रोपावरको ड्याममा फेला परेको प्रहरीले जनाएको छ। मुचुल्का तथा पोष्टमार्टम पश्चात शव मृत्तकको आफन्तले बुझी लगेको प्रहरीले जानकारी दिएको छ ।

# एक महिनादेखि दाँतका बिरामी कम

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको डेन्टल ओपीडीमा जाडो मौसम सुरु भएपछि दाँतका समस्या भएका बिरामी जचाउन आउने क्रम कम भएको छ। दाँत रोगका लागि कुनै मौसम नभएता पनि अस्पतालमा दन्त विभागमा एक महिनादेखि बिरामीको चाप कम भएको डेन्टल विभागका सहायक नवराज बर्तौलाले जानकारी दिनुभयो ।

विभागमा दाँत दुख्ने तथा दाँत झन्झनाउने समस्याले धेरै बिरामी आउने गरेका छन् । यस्तै, अस्पतालले दाँतको एक्सरे, दाँत निकाल्ने, दाँत सफा गर्ने, ओठको सानो प्रोसेसर, शल्यक्रियालगायत सेवा दिने गरेको छ । दन्त विभागमा दैनिक ५० जना बिरामी उपचारका लागि आउने गरेका छन् ।

बर्तौलाका अनुसार अहिले बिरामीमा जागरुकता आएको छ। अस्पतालको दन्त विभागमा २ वटा दाँत जाँच गर्ने मेशिन थप भएको छ। अहिले विभागमा ४ वटा दन्त मेशिन रहेको उहाँले जानकारी दिनुभयो । मेशिन थप भएका कारण बिरामीले धेरै कुर्नु नपरेको बर्तौला बताउनुहुन्छ । दाँत देखाउन आउने बालबालिका डराएर नमानेपछि जाँच गर्न गाह्रो हुने उहाँले बताउनुभयो ।

दाँतको समस्याबाट बच्न खाना खाएपछि मुख कुल्ला गरेर दाँत माझ्नुपर्ने बर्तौलाले जानकारी दिनुभयो । दाँत संवेदनशील हुने हुँदा धेरै चिसो तथा धेरै तातो खानेकुरा खाए दाँत खिइने समस्या देखिने गर्दछ । केही बिरामीहरु दाँत धेरै दुखेपछि मात्र जँचाउन जाने गरेका कारण उपचार जटिल हुने उहाँको भनाइ छ। अन्तिम समयमा मात्र जँचाउन जाने गर्दा दाँत निकाल्नै पर्ने अवस्था हुने गरेको बर्तौलाले बताउनुभयो ।

अस्पतालमा जाँच गर्न आएका बिरामीहरु ढिलो आउने गरेकाले एन्टिबाइटिक दिनैपर्ने तथा धेरै जटिल भए दाँत निकाल्नैपर्ने बर्तौलाले बताउनुभयो । विभागले किराले खाएको दाँतलाई सफा गर्ने र भरेर पठाउने गरेको छ । किराले दाँतको नशामा छोएपछि दाँत दुख्नेजस्ता समस्या देखिने उहाँको भनाइ छ ।

अस्पतालको दन्त विभागले महिनामा ९-१० जनाको दन्त शल्यक्रिया गर्ने गरेको बर्तौलाले बताउनुभयो। हेटौंडा अस्पतालको डेन्टल विभागबाट प्रमुख डा. अस्मित पोखरेल, डा. रञ्जना शाह, डा. पदम न्यौपाने र डा. अनिसा सापकोटाले सेवाग्राहीलाई सेवा दिने गरेका छन् । डाक्टरका साथै विभागमा २ जना स्वच्छतावादीले सेवा दिइरहनु भएको छ। बर्तौलाका अनुसार सेवाग्राहीहरु पुनः जाँच गर्नसमेत आउने गरेका छन् ।

# बागमती प्रदेशमा दैनिक ३ जनाले आत्महत्या गर्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा मानसिक स्वास्थ्यका कारण दैनिक ३ जनाले आत्महत्या गर्ने गरेको बताइएको छ। स्वास्थ्य निर्देशनालय बागमती प्रदेशको आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेशका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलालले मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याबारे प्रस्तुतिकरण गर्दै प्रदेशमा दैनिक ३ जनाले आत्महत्या गर्ने गरेको बताउनुभएको हो ।

बुधबार भएको मानसिक स्वास्थ्य तथा मनोसामाजिक अपाङ्गतासम्बन्धी कार्यक्रममा सामाजिक विकास मन्त्रालयकी चन्द्रा व्यञ्जनकार र स्वास्थ्य निर्देशनालयका सतिश विष्टले नीति तथा कार्यक्रम र भावी योजनासम्बन्धी प्रस्तुतिकरण गर्नुभएको छ । प्रदेश सरकारद्वारा सञ्चालित मानसिक स्वास्थ्य, मनोसामाजिक अपाङ्गता तथा सुस्वास्थ्यसम्बन्धी कार्यक्रमहरु तथा नीति नियमहरुको समीक्षा गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

स्वास्थ्य निर्देशनालयका फोकल पर्सन सुशील आचार्यले प्रदेशस्तरमा मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना २०७७ को कार्यान्वयनको अवस्थाबारेमा छलफल र आगामी दिनमा मानसिक सुस्वास्थ्य प्रबर्द्धनका लागि योजना बनाउने कार्यक्रमको उद्देश्य रहेको बताउनुभयो । कोशिशको सहकार्यमा भएको कार्यक्रममा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो अनुभव सुनाएका थिए। बागमती प्रदेशमा आत्महत्या हुने कारण खोजी गरी उपचार गर्न आवश्यक रहेकोमा सहभागीहरुले जोड दिएका छन्। सहभागीहरुले मानसिक स्वास्थ्यमा बजेट बढाउनुपर्ने बताएका थिए । संघ र प्रदेश सरकारले मात्र नभई स्थानीय सरकारले पनि मानसिक तथा मनोसामाजिक अपाङ्गताका विषयमा कार्यक्रम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।


ENTRANCE EXAMINATION FOR THE ADMISSION TO:

MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE

POUSH 06, 2080



Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

# सम्पादकीय

## प्रदेशमा किचलो बढ्दै

मुलुकमा संघीय संरचनाअन्तर्गत् तीन तहको सरकार सञ्चालनमा छ । विगत ६ वर्षदेखि संघीयता पूर्णरुपमा कार्यान्वयनमा आएको भए पनि प्रादेशिक संरचनामा किचलो बढ्दै गएको छ । संघ र प्रदेश सरकारबीच पर्याप्त समन्वय र सहकार्य हुन नसक्दा प्रदेश सरकारले आशातित सफलता प्राप्त गर्न सकिरहेको छैन । संविधानले तीनै तहको एकल तथा संयुक्त अधिकारहरु निश्चित गरेर अधिकारसम्पन्न बनाए पनि आपसी समन्वय र सहकार्यबिना प्रदेश सरकार प्रभावकारी बन्न सकिरहेको छैन । संघीय सरकारले आवश्यक कानुनहरु निर्माण नगर्दा, प्रदेशलाई सबै अधिकार कार्यान्वयनको बाटो खुला नगरिदिँदा प्रदेश सरकारलाई काम गर्नमा अप्ठयारो भइरहेको प्रदेश सरकारले बताउँदै आएको छ । संघीय सरकारले प्रदेशलाई सबै अधिकार दिन नखोज्ने अनि प्रदेश सरकार आफूखुशी र मनोमानीरुपमा चल्ने भए पनि प्रदेशको आवश्यकता र औचित्यमाथि प्रश्न उठ्न थालिसकेको छ । मुलुकमा समानुपातिक विकास समृद्धि हासिल गर्न ल्याइएको संघीयता र प्रादेशिक संरचना असफल हुनु भनेको मुलुकको ठूलो लगानी खेर जाने निश्चित छ ।

राजनीतिक दलहरुका लागि नेता तथा कार्यकर्ता व्यवस्थापनको उपयुक्त माध्यम बनिरहको प्रदेश तहमा राजनीतिक दलहरुबीच किचलो पनि बढ्दै गएको छ । पछिल्लो निर्वाचनले सातै प्रदेशमा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेपछि सबै दलमा गठबन्धनबाट सरकार गठन भएको छ । गठबन्धन पनि प्रभावकारी नहुँदा सत्तारुढ दलहरुबीच नै असन्तुष्टि र किचलो देखिने गरेको छ । यसको प्रत्यक्ष उदाहरण कोशी प्रदेशमा भइरहेको सरकार परिवर्तनलाई लिन सकिन्छ । गठनबन्धनमै सरकार सञ्चालन भइरहेको बागमती प्रदेशको अवस्था पनि भिन्न छैन । बागमती प्रदेशमा नेकपा माओवादी केन्द्रले सरकारको नेतृत्व गरिरहेको छ भने नेपाली कांग्रेस गठबन्धनमा सहभागी भएको छ । सुरुमा सरकार बन्दा राप्रपा पनि सरकारमा सहभागी भएकोमा अहिले राप्रपा सरकारबाट बाहिरिइसकेको छ । प्रदेशको प्रमुख प्रतिपक्षी नेकपा एमाले र प्रतिपक्षी राप्रपाले प्रदेश सरकारले एकलौटी गर्न खोजेको भन्दै सरकारलाई असहयोग गर्दै आएको छ भने प्रदेशसभा बैठकमा समेत बाधा पुऱ्याइरहेको छ ।

बुधबार नेकपा एमाले बागमती प्रदेश संसदीय दलले प्रदेश सरकारको एकवर्षे कामको समीक्षा गर्दै प्रदेश स रकार पक्षपाती भएको आरोप लगाएपछि बागमती प्रदेशमा जारी रहेको राजनीतिक किचलो अझ बढ्ने अनुमान गर्न थालिएको छ । प्रदेश सरकारले मन्त्रीमुखी बजेट विनियोजन गरी आफ्ना सीमित क्षेत्रमा मात्र बजेट विनियोजन गरेको एमालेको आरोप छ । प्रदेश सरकारले बजेट पारित गर्ने समयमा गरेका सहमति पूरा नगरी तानाशाही ढंगले अगाडि बढेको एमाले संसदीय दलका नेताको भनाइ छ । बजेट पारित गर्ने समयमा प्रतिपक्षीको अवरोध हटाउन प्रतिपक्षी सांसदले सिफारिस गरेको योजनामा बजेट विनियोजन गर्ने सहमति प्रदेश सरकारले गरेको थियो । वर्तमान सरकारले बेरुजु, आर्थिक अपारदर्शिता हटाई तत्काल सुशासन दिनुपर्ने प्रतिपक्षीको माग छ । सरकारले संसदमा प्रमुख प्रतिपक्षी र विपक्षी दलहरुले उठाएका आवाज सम्बोधन नगरेको आरोप पनि लगाइएको छ ।

प्रदेशसभाका समितिहरुमा एक वर्षसम्म पनि नेतृत्व चयन गर्न सकिएको छैन । संघीय राजधानी काठमाडौं र प्रदेश राजधानी हेटौंडा आवतजावत गर्ने छोटो दुरीका फर्पिङ-कुलेखानी, मातातीर्थ-चखेल, छैमले-सिस्नेरी, चन्दागिरी-चित्लाङ सडक समयमै स्तरीकरण हुन नसकेको प्रमुख प्रतिपक्षीको आरोप छ । विगतको वर्षे अधिवेशनमा पटक-पटक प्रदेशसभा बैठक अवरुद्ध पारेको प्रमुख प्रतिपक्षीले प्रदेश सरकारले प्रदेशसभा बैठक नबोलाउँदा प्रदेशसभा सदस्यहरुले जनताका आवाजहरु उठाउन नपाएको बताएको छ । प्रदेश सरकारले आफ्नै नीतिविपरित जथाभावी संरचना र दरबन्दी सिर्जना गरी आर्थिक भार बढाउने कार्य गरिरहेको छ । सत्तामा हुँदा मनोमानी गर्ने र प्रतिपक्षी भएपछि सरकारको विरोध गर्ने परिपाटी बागमती प्रदेशमा पनि बढ्दै गएको छ । सरकारको राम्रो कामलाई प्रोत्साहन गर्ने र नराम्रो कामलाई आलोचना गर्ने संस्कार नहुँदासम्म राजनीतिक र सत्ताको किचलो अन्त्य हुन सक्दैन । राजनीतिक किचलोले प्रदेश संरचनाको औचित्य र आवश्यकताप्रति नै गम्भीर प्रश्न खडा हुनेतर्फ राजनीतिक दलहरु सचेत बन्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भोजभतेरमा सरिक भइने समयको योग रहेको छ ।
**वृष** : अध्यापनका कामहरु मध्यमकारक होलान् ।
**मिथुन** : जीवनसाथीसँगको रामरमाइलोमा समय बित्ला ।
**कर्कट** : पढाई – लेखाई मध्यमकारक रहेको देखिन्छ ।
**सिंह** : सभा– समारोहमा सरिक भइने समय छ ।
**कन्या** : धार्मिक तथा सामाजिक काममा सरिक ।
**तुला** : बन्धुबान्धवबीच आत्मीयता बढ्ने योग छ ।
**वृश्चिक** : इष्टमित्रसँग भेटघाट र रामरमाइलो होला ।
**धनु** : लेखाइ– पढाई मध्यमकारक रहेको देखिन्छ ।
**मकर** : मानप्रतिष्ठामा आइपर्न सक्ने छ ।
**कुम्भ** : प्रतिष्ठा जोडिएका काममा सफलता प्रँप्त ।
**मीन** : आलस्य त्यागदा राम्रँ रहने समय छ ।

# चुकेको केन्द्रीय बैंक र समाधानको बाटो

*अहिले तरलता समस्या क्रमशः समाधान हुँदै जाँदा पनि बैंकमा मुद्दती निक्षेपको अंश उच्च भएकाले बैंकको आधारदर घट्न सकेको छैन । त्यसैले केन्द्रीय बैंकले आधारदर घटाउने प्रयास गर्नु मनासिव देखिन्छ ।*

**सुरज घिमिरे**

अहिले बैंकिङ क्षेत्रमा अधिक तरलता, उच्च ब्याजदर, न्यून कर्जा प्रवाह तथा बढ्दो खराब कर्जाले टाउको दुःखाइ बनाएको छ । केन्द्रीय बैंकले ९० प्रतिशत सिडी रेसियो कायम गर्न सीमा तोकेकोमा हाल बैंकहरूको औसत सिडी रेसियो ८०.७६ प्रतिशतमा झरेको छ । यसले गर्दा बैंकिङ क्षेत्रमा करिब ५ खर्ब ५० अर्ब तरलता छ । तर, कर्जाको ब्याजदर महँगो भएकै कारण ऋण माग न्यून छ ।


अघिल्लो वर्ष निजी क्षेत्रमा प्रवाहित कर्जा १३.१ प्रतिशतले बढेकोमा गत वर्ष यो वृद्धि ३.८ प्रतिशतमा सीमित भएको छ । अर्कातिर उच्च ब्याजदर, न्यून कर्जा प्रवाह र बैंक तथा वित्तीय संस्थाहरूको खराब कर्जा बढ्दा बैंकहरूको नाफा करिब २८ प्रतिशतले खुम्चिएको छ। चालु आर्थिक वर्षको पहिलो त्रैमासमा केही बैंकहरूको खराब कर्जा त बढेर ५ प्रतिशतभन्दा पनि माथि पुगिसकेको छ । केन्द्रीय बैंकका अनुसार बैंकको खराब कर्जा ५ प्रतिशत नाघ्नुलाई राम्रो मानिँदैन ।

पछिल्लो समय मर्जर तथा एक्विजेसनलाई प्राथमिकता दिएका कारण बैंकहरूको पुँजी बढ्दै गएको छ । त्यसैले सेयर होल्डरहरूलाई दिइने प्रतिफल नघटोस् भन्नका लागि नाफा वृद्धि गर्न बैंकहरूलाई दबाब छ। तर, त्यसका लागि लगानी बढाउनु जरुरी छ। कर्जाको माग न्यून हुनु र खराब कर्जा बढ्दै जानुले बैंकहरूलाई नाफा बढाउन चुनौती थपिदिएको छ । जसले गर्दा बैंकहरूको अहिलेको मुख्य चुनौती भनेकै कर्जा व्यवस्थापन हो ।

चर्को प्रतिस्पर्धाका कारण तरकारी बजारको मोलमलाइको पारामा ग्राहक तानातान गर्दै लगानी बढाएका बैंकहरू अहिले गम्भीर संकटमा छन् । त्यसैगरी टार्गेट दिने सिइओहरूको टाउको दुःखाइ बढेको छ । कर्मचारीहरूले सो समयमा जसरीतसरी टार्गेट त पूरा गरे, तर अहिले आएर उनीहरूलाई आफ्नै सिङ भारी भनेझैँ तिनै कर्जाको व्यवस्थापनमा तनाव बढ्दै गएको छ। यहाँसम्म कि आक्रामक कर्जा विस्तारमा लागेका बैंकहरूलाई सहयोग गर्ने धितो मूल्यांकनकर्ताहरू पनि बजारमा घरजग्गाको मूल्य घट्दा उस्तै तनावमा देखिन्छन् । समग्रमा बैंकसँग जोडिएका सबैको निद हराम भएको छ ।

केन्द्रीय बैंकले बजार चलायमान गराउन केही प्रयास नगरेको पनि होइन । घरकर्जाको 'कर्जा-धितो' अनुपात ५० प्रतिशत कायम गर्नु, सेयर कर्जाको सीमा १५ करोड (व्यक्तिगत) र २० करोड (संस्थागत) पुर्याउनु यसका उदाहरण हुन् । यसैगरी २५ लाखभन्दा बढीको सवारी साधन कर्जामा जोखिमभार घटाएको छ । कालोसूचीसम्बन्धी व्यवस्थामा पनि परिवर्तन गरेको छ। अब बैंकहरूले ऋणीको बाँकी रहेको दायित्व असुली गर्न धितो लिलामी गरी ९० दिनको सूचनापछि मात्रै ऋणीलाई कालोसूचीमा राख्न पाउने भएका छन् ।

यसैगरी केन्द्रीय बैंकले असल कर्जा सीमा १.३० प्रतिशतबाट घटाएर १.२५ प्रतिशतमा झारेको छ। यति हुँदाहुँदै पनि केन्द्रीय बैंकका यी निर्देशनहरू हालको समस्या समाधानका लागि केही राहत दिने खाले भए पनि ती पर्याप्त छैनन् । केन्द्रीय बैंकद्वारा मौद्रिक उपकरणमा गरिएको 'माइक्रो-म्यानेजमेन्ट'ले गर्दा बैंकिङ प्रणाली शिथिल बन्दै गएको छ । कोभिड-१९ सँगै खुकुलो मौद्रिक नीतिको परिणामस्वरूप आयात बढ्दा विदेशी मुद्रा





सञ्चिति घट्दै गएको अवस्थामा अर्थतन्त्रमा मुद्रा आपूर्ति बढ्दै जाँदा विलासी वस्तुको आयात र पुँजी पलायनले प्रश्रय पायो ।

परिणामस्वरूप यसलाई रोक्न गत आर्थिक वर्ष केन्द्रीय बैंकले कसिलो मौद्रिक नीति ल्यायो, जसले गर्दा आर्थिक वर्षभरिमा कर्जा प्रवाह निराशाजनक देखियो । यही कारणले अर्थतन्त्र शिथिल भई आर्थिक गतिविधिमा संकुचन आएको हो । मौद्रिक नीतिमार्फत केन्द्रीय बैंकले आयात बढेको भन्दै निक्षेप-पुँजीकर्जा (सिसिडी) अनुपातको सट्टा सिडी अनुपात कार्यान्वयनमा ल्याएपछि बैंक तथा वित्तीय संस्थाहरूलाई निक्षेप बढाउन ठूलो सास्ती भयो, जसले गर्दा उनीहरू मुद्दती निक्षेपको ब्याजदर बढाउन बाध्य भए ।

परिणामस्वरूप बैंकको लागत बढ्न गई आधारदरमा वृद्धि हुँदै गएको हो । अहिले तरलता समस्या क्रमशः समाधान हुँदै जाँदा पनि बैंकमा मुद्दती निक्षेपको अंश उच्च भएकाले बैंकको आधारदर घट्न सकेको छैन। त्यसैले केन्द्रीय बैंकले आधार दर घटाउने प्रयास गर्नु मनासिव देखिन्छ । असोजसम्मको तथ्यांकअनुसार १२ अर्ब ३३ करोड विदेशी मुद्रा सञ्चिति रहेको छ भने शोधनान्तर स्थिति एक खर्बले बचतमा छ । यही कारणले गर्दा बैंकहरूमा तरलता बढ्दै गएको हो । तर, बैंकहरूले ब्याजदर घटाउन नपाउँदा साख सिर्जना बढ्न सकेको छैन ।

अर्थतन्त्र चलायमान हुन सकेको छैन । यही कारणले गर्दा सरकारको राजस्व आयमा संकुचन आएको छ । केन्दीय बैंकको अंकुशका कारण बैंक तथा वित्तीय संस्थाहरूले १० प्रतिशतभन्दा बढी ब्याजदर बढाउन वा घटाउन पाउँदैनन् । यसले गर्दा बैंकहरूसँग लगानीयोग्य र कम पर्याप्त भए पनि केन्द्रीय बैंक नीति अवरोध बन्दा प्रणालीमा जोखिम बढ्दै गएको देखिन्छ । आयातमा आधारित व्यवसायीलाई चालु पुँजी कर्जामा क्रमशः कडाइ गर्दै जानु उचित भए पनि एकैपटक निर्देशिका परिवर्तन गरी कडाइ गरिँदा समस्या झनै बल्झिएको हो ।

अहिले वित्तीय क्षेत्रको अधिक तरलताका कारण बैंकहरूको अन्तरबैंक ब्याजदर १.४ प्रतिशतमा झरेको छ । अन्तरबैंक ब्याजदरलाई राष्ट्र बैंकले ब्याजदर कोरिडोरमार्फत नियमन गर्छ । पछिल्लो समय निजी क्षेत्रमा कर्जाको माग नभएकै कारण केन्द्रीय बैंकले करिब १ प्रतिशतको दरमा बैंकिङ क्षेत्रबाट लगानीयोग्य रकम आन्तरिक ऋण र रिभर्स रिपोमार्फत खिचिरहेको छ। त्यसैले अन्तरबैंक ब्याजदर घट्दै गएको हुँदा मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत निक्षेप संकलन दर घटाउनुपर्ने अपेक्षा थियो ।

केन्द्रीय बैंकले यस्तो दरलाई घटाए पनि तरलताको तुलनामा त्यो पर्याप्त देखिँदैन । मौद्रिक नीतिको पहिलो त्रैमास समीक्षामार्फत बैंकदरलाई ७.५ बाट घटाई ७ प्रतिशत, नीतिगत दरलाई ६.५ बाट घटाई ५.५ प्रतिशत र निक्षेप संकलन बोलकबोल दरलाई ४.५ बाट घटाई ३ प्रतिशत कायम गरिएको छ । यसले ब्याजदर घटाउन प्रोत्साहन गर्छ । तर, बैंकको तरलता अधिक भएकाले र अन्तर बैंक कारोबार १ प्रतिशतको नजिक आएको समयमा यी दरहरू अझै बढी हुन् ।

त्यसैगरी डिबेन्चरलाई २०८० पुससम्मका लागि स्रोतको रूपमा समेत शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा सोपश्चात् उक्त डिबेन्चरको ५० प्रतिशत रकम २०८१ असारसम्मका लागि बैंकहरूले स्रोतको रूपमा गणना गर्न पाउने भएका छन् । यो व्यवस्थाले बैंकहरूलाई लगानीको अवसर दिएको छ। डिबेन्चरले मुद्दती खाताकै सरह काम गर्ने भएकाले सिसिडीबाट सिडी रेसियोको प्रावधान गरेकाले डिभेन्चरलाई स्रोतको रूपमा शतप्रतिशत गणना गर्न पाउने व्यवस्थाले जोखिम बढाउँदैन। यसप्रति केन्द्रीय बैंकले पुनर्विचार गर्नुपर्ने देखिन्छ ।

परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीहरूलाई बक्यौता ब्याजको १० प्रतिशत रकम असुल गरी कर्जा पुनर्संरचना गर्न सक्ने अवधि २०८० चैत मसान्तसम्म कायम गरी पुनर्संरचना गर्न सक्ने क्षेत्रहरूको विस्तार गरिने भएको छ । यसबाट बैंकहरूलाई बढ्दो खराब कर्जा व्यवस्थापनमा केही राहत पुग्ने देखिन्छ । २०८० कात्तिकको भूकम्पका कारण क्षतिग्रस्त भएका आवासीय घरहरूको पुनर्निर्माणका लागि २५ लाखसम्मको आवासीय घर कर्जा आधार दरमा २ प्रतिशत बिन्दुभन्दा बढी प्रिमियम थप गर्न नपाउने व्यवस्था गरिने भएको छ ।

साथै, यस्तो कर्जामा कर्जा-धितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी बिन्दुसम्म थप गर्न सक्नेछन् । मुलुकको अर्थतन्त्र र सामाजिक उत्तरदायित्वप्रति बैंकलाई उत्प्रेरित गर्न यस्तो व्यवस्थाले प्रोत्साहन गर्ने देखिन्छ, जुन समयको आवश्यकता पनि थियो । बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियलस्टेट कर्जा र ५० लाखभन्दा बढीको सेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरिने भएको छ भने ५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरिने भएको छ ।

यस्तो व्यवस्थाले बैंकहरूले सुरक्षित ठानेको घरकर्जाको माग बढाउनुका साथै छड, सिमेन्ट, इँटाजस्ता निर्माण सामग्रीको बजारको पुनरुत्थानका लागि केही राहत दिने अनुमान गर्न सकिन्छ । लघुवित्त वित्तीय संस्थाले आफ्नो नियमित सम्पर्कमा रहेका तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरूले कर्जा पुनर्संरचनाका लागि संस्थामा २०८० चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीहरूको कर्जालाई पुनर्संरचना गर्न सक्ने व्यवस्था गरिने भएको छ। यस्तो व्यवस्थाले ऋण व्यवस्थापनमा सबैभन्दा बढी मारमा परेका लघुवित्तहरूलाई केही राहत दिने देखिन्छ भने लघुवित्त ग्राहकहरूलाई अवसर दिएको देखिन्छ ।

तरलता दबाबमा रहेको समयमा मौद्रिक नीतिमार्फत कडाइ गरिएका कतिपय प्रावधानलाई पहिलाकै अवस्थामा पुर्याउनु सान्दर्भिक रहे पनि त्यसतर्फ केन्द्रीय बैंकले कुनै पहल गरेको देखिँदैन । सेयर कर्जा, घरजग्गा कर्जा, ओभरड्राफ्ट, हायरपर्चेज कर्जालगायतको जोखिम भार बासेल-३ को मापदण्डविपरीत बढाएको भए पनि यसलाई पूर्ववत् फर्काउन केन्द्रीय बैंकले कुनै प्रयास गरेको देखिन्न। त्यसैले यी क्षेत्रहरूमा दबाब बढ्दै गएकाले अर्थतन्त्र चलायमान हुन सकेको छैन ।

विदेशी मुद्राको सञ्चिति देशको आन्तरिक उत्पादन बढाउने र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्नु आजको आवश्यकता हो । तर, यसो भन्दैमा घरजग्गा कारोबार र सेयर कारोबारमा फसेको लगानी उठाउन मौका नै नदिई यी क्षेत्रमा बढी नियमन गर्न खोज्दा अर्थतन्त्र खलबलिएको हो। त्यसैले केन्द्रीय बैंकले यी क्षेत्रलाई केही खुकुलो पार्दै समयसीमा दिई क्रमशः दबाब सिर्जना गर्नु मनासिब देखिन्छ । अहिलेको सेयर कर्जा सीमा बढाएर कम्तीमा १ करोड पुऱ्याउनु मनासिब देखिन्छ ।

त्यसैगरी ब्याजदर बढाउन अंकुश यथावत् राखे पनि ब्याजदर परिवर्तन गर्दा लाग्ने १० प्रतिशतको सीमा ब्याजदर घटाउने सन्दर्भमा हटाउनु अहिलेको आवश्यकता हो । यस विषयमा केन्द्रीय बैंकले निर्देशनमार्फत सम्बोधन गर्नु जरुरी छ । कोभिडको समयमा वित्तीय क्षेत्रमा कर्जा जोखिम न्यूनीकरण गर्न असल कर्जामा १.३० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्ने निर्देशन दिएको बैंकले हाल यसलाई १.२५ प्रतिशतमा झारेको छ । अब बैंकमा तरलता समस्या समाधान भएको हुँदा बजार चलायमान गर्न र बैंकको नाफा संकुचनमा राहत दिन सामान्य अवस्थामा जस्तो असल कर्जामा कर्जा नोक्सानी व्यवस्थालाई १ प्रतिशतमा झार्न ढिलो गर्नु मनासिब देखिँदैन ।

अहिले सुस्तीको अवस्थामा उच्च नाफाको अपेक्षा गर्दा बैंकहरू आफैं जोखिममा फस्ने सम्भावना रहन्छ। त्यसैले कर्जाको प्रिमियम दर घटाएर भए पनि साख सिर्जना बढाउनुपर्छ। अहिले बैंकको कर्जा प्रिमियम उपभोक्ता कर्जाका लागि बढीमा २ प्रतिशत र उत्पादनशील कर्जाका लागि बढीमा १ प्रतिशत कायम गर्नु उचित हुन्छ । अर्थतन्त्र चलायमान हुँदै जाँदा क्रमशः यो प्रिमियममा वृद्धि गर्न सकिन्छ । वास्तवमा अर्थतन्त्र धराशायी हुँदा बैंकको नाफा उच्च भइरहन सक्दैन ।

त्यसैले अर्थतन्त्रप्रतिको दायित्वलाई बैंकहरूले बिर्सनु हुँदैन । केन्द्रीय बैंकले पनि यसतर्फ गम्भीर भएर कार्य गर्नु जरुरी छ । केन्द्रीय बैंकले अर्थतन्त्र चलायमान गराउन कर्जालाई केही खुकुलो गराउनु आवश्यक छ। त्यसैगरी बैंकलाई दिइने स्थायी तरलता सुविधा र निक्षेप संकलन दर क्रमशः न्यून गराउँदै जानु जरुरी छ। साथै, सेयर कर्जाको सीमालाई पनि बढाएर कम्तीमा १ करोड बनाउनु आवश्यक देखिन्छ। यति मात्र गर्न सक्यो भने पनि केन्द्रीय बैंकको साख मात्रै होइन, ओरालो लागेको अर्थतन्त्रलाई पनि बचाउन सहज हुन सक्छ ।

*(स्रोतः कारोबारदैनिक)*

# "३ वर्षयता स्नातक तहमा विद्यार्थी घटेको छ"

हालै मकवानपुर जिल्लाका सामुदायिक क्याम्पस संघको प्रथम अधिवेशन भएको छ । अधिवेशनले हेटौँडा-१९, बस्तीपुर स्थित निर्मल बहुमुखी क्याम्पसका प्रमुख सुवासचन्द्र कँडेलको अध्यक्षतामा नयाँ समिति गठन गरेको छ । क्याम्पस तहमा विद्यार्थीको उपस्थिति घट्दो क्रममा रहिरहेको, समुदायको सक्रियतामा स्थापित क्याम्पसहरु नियमित सञ्चालनमा समस्या भइरहेको सन्दर्भ छ । नवनिर्वाचित अध्यक्ष कँडेलसँग सामुदायिक क्याम्पसको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समृद्ध समाज दैनिकका लागि सुप्रभा चौलागाईले गर्नुभएको कुराकानीको सम्पादित अंश:



**सुवासचन्द्र कँडेल, अध्यक्ष**
**पब्लिक क्याम्पस संघ मकवानपुर**

*समाजः अहिले क्याम्पसमा कसरी अध्ययन अध्यापन भैरहेको छ ? वातावरण कस्तो छ ?*
**कँडेल**: अहिले सामुदायिक क्याम्पसहरु धरासायी अवस्थामा छन् । वैदेशिक शिक्षाको प्रचलन बढेको कारण विद्यार्थीको उपस्थातिमा पनि कमि छ । गाउँ क्षेत्रको क्याम्पस भएकाले यसै पनि विद्यार्थीको संख्या घटेको छ ।

*समाजः कहिलेबाट निर्मल बहुमुखी क्याम्पसमा विद्यार्थीको संख्या घट्न थाल्यो ?*
**कँडेल**: करिब ३ वर्षयता विद्यार्थी घटेको अवस्था छ । यो भन्दा अगाडि बाहिर जाने प्रचलन पनि कम थियो । ३ वर्षे स्नातकलाई जबबाट ४ वर्षे बनाइयो तबदेखि नै यस्तो समस्या बढ्न थालेको हो ।

*समाजः ४ वर्षे स्नातक शिक्षा प्रभावकारी छैन ?*
**कँडेल**: खासै कोर्समा त्यति धेरै परिमार्जित भएको अवस्था छैन । पहिले त २ वर्षको स्नातक हुन्थ्यो र अहिले ४ वर्षको हुँदा पनि फरक महसुस भएको छैन ।

*समाजः विद्यार्थी विदेशिने समस्याको न्युनीकरण कसरी गर्न सकिन्छ ?*
**कँडेल**: यो त्रिभुवन विश्वविद्यालयको हातमा छ । कोरोना महामारीको समयमा स्नातक प्रवेश गरेका विद्यार्थीहरु अहिलेसम्म स्नातक तहमै छन् । समयमा परीक्षा सञ्चालन नगरिएका कारण यस्तो अवस्था आएको हो । अब न्युनीकरणका लागि भनी समयमा परीक्षा लिने र छिटो नतिजा प्रकाशन गर्ने हो भने केहि हदसम्म समस्याको समाधान हुन सक्छ ।

*समाजः नेपाल पब्लिक क्याम्पस संघको मुख्य उद्धेश्य के हो ?*
**कँडेल**: नेपाल पब्लिक क्याम्पस संघ सबै पब्लिक क्याम्पसहरुको छाता संगठन हो । यो कुनै राजनीतिक संगठन होईन । अहिले जिल्लागत रुपमा गठन भएकोमा मकवानपुर जिल्ला दोस्रो जिल्ला हो । हामीले जिल्लाभरको पब्लिक क्याम्पसहरुमा के के समस्या छन्, त्यसको समाधान र मुल्याङ्कन गर्नका निमित्त संघको गठन गऱ्यौं ।

*समाजः यो संघले गर्ने काम के हो ?*
**कँडेल**: अब हामी मकवानपुर जिल्लाका ६ वटा सामुदायिक क्याम्पस यस संघको सदस्य छौं । छिटै बैठक बस्ने तयारीमा छौं । यो संघले गर्ने काम भनेको सबैको समस्या बुझ्ने र मिलेर समाधान गर्ने हो । हाम्रो प्राथमिकता भनेको विद्यार्थी संख्या स्थिर बनाउने र क्याम्पसहरु मर्ज हुने अवस्थाको सामना गर्ने हो ।

*समाजः प्राध्यापकहरुको गुनासो कस्तो हुन्छ ?*
**कँडेल**: गुनासो एउटा मात्र छ । उचित पारिश्रमिक पाउनु पऱ्यो भन्ने । सामुदायिक क्याम्पस भएकोले मनलाग्दो शुल्क उठाउन भएन । सरकार पक्षले प्राध्यापकहरुलाई पनि हेर्न आवश्यक छ । स्नातक ४ वर्ष बनाउने र शिक्षक जनशक्ति बढाउने तर सेवा सुविधामा भने केहि प्राप्त नहुने जस्ता गुनासा आएका छन् ।

*समाजः विद्यार्थीमा राजनीतिको प्रभावको विषयलाई कसरी हेर्नुहुन्छ ?*
**कँडेल**: स्ववियु निर्मल क्याम्पसमा पनि गठन भएको छ । हाम्रो क्याम्पसमा विद्यार्थीहरु ज्ञानी छन् । यसले केहि असर गरेको छैन । तर धेरैजसो क्याम्पसहरुमा यो संगठनले दु:ख दिएको सुन्न सकिन्छ । हामीले भनेको विद्यार्थीलाई छात्रवृत्ति दिन दवाव आउने गरेको छ । स्ववियु र विद्यार्थी संगठनका कार्यक्रमले पढाईमा असर गर्ने जस्तो अवस्था चै छ ।


# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

**आदरणीय अभिभावकज्यू,**

**अनिवार्य शुल्क भूक्तानी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा विद्यालयको शूल्क भूक्तान समयमा नै नहुँदा विद्यालयको कार्य संचालनमा बाधा पुग्न गएको साथै यस विद्यालयको तेस्रो त्रैमासिक परीक्षा यही मिति २०८० पुस १९ गतेदेखि सञ्चालन हुने हुँदा आफ्ना नानीबाबुहरुलाई सो अनुरुप नै परीक्षाको तयारी गराउनुहुन, परीक्षामा सामेल हुनका लागि २०८० पुस महिनासम्मको सम्पूर्ण शुल्कहरु तथा परीक्षा शुल्क समेत बुझाई अनिवार्य रुपमा प्रवेशपत्र लिनहुन अनुरोध गरिन्छ ।

यहाँका नानीबाबुको शैक्षिकसत्र २०८० को हालसम्मको सम्पूर्ण शुल्कहरु बुझाउनु भएका अभिभावकहरुलाई कृतज्ञता व्यक्त गर्दै बुझाउन बाँकी रहनुभएका अभिभावकहरुलाई सम्पूर्ण शुल्कहरु यही पुस १५ गते भित्र बुझाई विद्यालयलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**अभिभावकज्युहरूको सहजताका लागि विद्यालयको लेखा शाखा शनिबार पनि खुल्ला रहने व्यहोरा जानकारी गराइन्छ ।**

**विद्यालय प्रशासन**

## अभिभावकज्यूहरूमा अनुरोध

कक्षा नर्सरीदेखि कक्षा ५ सम्मको परीक्षा बिहान १०:०० देखि १:०० बजेसम्म र कक्षा ६ देखि ९ सम्मको परीक्षा दिउँसो १:०० बजेबाट सञ्चालन हुने हुँदा सोहीअनुरुप आफ्ना साना बालबालिका लिन आउन हुन ।

आफ्ना बालबालिकाहरुलाई परीक्षाका लागि तयार हुन नियमित अध्ययन कार्यमा सहयोग प्रदान गर्न हुन ।

परीक्षाको नतिजा २०८० माघ १२ गते दिनको १०:०० बजेदेखि १:०० बजेसम्म अभिभावकको प्रत्यक्ष उपस्थितिमा मात्र वितरण गरिने हुनाले अनिवार्य उपस्थिति जनाईदिनहुन ।

अन्य जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नहुन समेत अनुरोध गरिन्छ ।
सम्पर्क नम्बर: ९८५५०१३९७७, ९८४०५०४४४६



**के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्**
**०५७-५२६८३०**
Email:sambridhasamaj@gmail.com


## निर्माण व्यवसायी संघ मकवानपुरको

## सदस्यता नवीकरण गर्ने सम्बन्धी सूचना

यस निर्माण व्यवसायी संघ मकवानपुरको २४ औं वार्षिक साधारणसभा २०८० माघ २० गते हुने भएको हुादा यस संघमा दर्ता हुनु भएका निर्माण व्यवसायीहरुले २०८० पुस २० गतेसम्ममा अनिवार्य रुपमा सदस्यता नवीकरण गरिसक्नु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै नवीकरण नभएका फर्म/कम्पनीहरुलाई साधारणसभामा भाग लिनका लागि अनिवार्य रुपमा २०८० पुस २० गतेसम्ममा नवीकरण गर्नुहुन समेत जानकारी गरिन्छ ।

**राजेन्द्रप्रसाद चौलागाई, महासचिव**

**निर्माण व्यवसायी संघ मकवानपुर**

## सुचना ! सुचना !! सुचना !!!

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा र सूर्यमणि विजनेश सोलुसन्स प्रालि, हेटौंडाको संयुक्त आयोजनामा १६० कार्यघण्टाको एड्भान्स व्युटिपार्लर तालिम वैदेशिक एवम् युवा स्वरोजगार विशेष सीप तालिम कार्यक्रम यहि २०८० पुष १७ गतेदेखि संचालन हुन लागेको हुँदा इच्छुक तथा देहायअनुसारको योग्यता पुगेका युवाहरुले यो सुचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र आवेदन दिनु हुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**:
- शैक्षिक योग्यता: ८ कक्षा उत्तीर्ण
- उमेर: १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- संलग्न हुनुपर्ने कागजातहरु: शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, नेपाली
- नागरिकताको प्रतिलिपि ।
- प्रथम पटक सुचना प्रकाशन मिति: २०८०/०९/०६ गते
- आवेदन पेश गर्ने अन्तिम मिति: २०८०/०९/१५ गते
- अन्तरवार्ता मिति: २०८०/०९/१६ गते

**आवेदन पाईने/पेश गर्नुपर्ने स्थान**:
हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रा. लि.
ठेगाना: हेटौंडा-४, पारिजात पथ
सम्पर्क: ०५७-५२४८५१, ९८५५०६७४२९

## सुचना ! सुचना !! सुचना !!!

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा र हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रालि, हेटौंडाको संयुक्त आयोजनामा १६० कार्य घण्टाको वारिष्टा (Barista) तालिम वैदेशिक एवम् युवा स्वरोजगार विशेष सीप तालिम कार्यक्रम यहि २०८० पुष १७ गतेदेखि सञ्चालन हुन लागेको हुँदा इच्छुक तथा देहायअनुसार को योग्यता पुगेका युवाहरुले यो सुचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र आवेदन दिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**:
- शैक्षिक योग्यता: ८ कक्षा उत्तीर्ण
- उमेर: १६ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- संलग्न हुनुपर्ने कागजातहरु: शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, नेपाली
- नागरिकताको प्रतिलिपि ।
- प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०९/०६ गते
- आवेदन पेश गर्ने अन्तिम मिति: २०८०/०९/१५ गते
- अन्तरवार्ता मिति: २०८०/०९/१६ गते

**आवेदन पाईने/पेश गर्नुपर्ने स्थान**:
हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रालि
हेटौंडा-४, पारिजातपथ
०५७-५२४८५१, ९८५५०६७४२९

## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

**सुकराम केसी**
**वडा अध्यक्ष तथा**
**९ नम्बर वडा कार्यालय परिवार**

## सुचना ! सुचना !! सुचना !!!

व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा र सूर्यमणि प्राविधिक शिक्षालय प्रालि, हेटौंडाको संयुक्त आयोजनामा १६० कार्यघण्टाको कुक तालिम वैदेशिक एवम् युवा स्वरोजगार विशेष सीप तालिम कार्यक्रम यहि २०८० पुष १७ गतेदेखि सञ्चालन हुन लागेको हुँदा इच्छुक तथा देहायअनुसारको योग्यता पुगेका युवाहरुले यो सुचना प्रकाशन भएको मितिले १० (दश) दिनभित्र आवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**:
- शैक्षिक योग्यता: ८ कक्षा उत्तीर्ण
- उमेर: १६ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- संलग्न हुनुपर्ने कागजातहरु: शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, नेपाली
- नागरिकताको प्रतिलिपि ।
- प्रथम पटक सुचना प्रकाशन मिति: २०८०/०९/०६ गते
- आवेदन पेश गर्ने अन्तिम मिति: २०८०/०९/१५ गते
- अन्तरवार्ता मिति: २०८०/०९/१६ गते

**आवेदन पाईने/पेश गर्नुपर्ने स्थान**:
हाम्रो प्रशिक्षण सेवा तालिम केन्द्र प्रालि
हेटौंडा-४, पारिजातपथ
०५७-५२४८५१, ९८५५०६७४२९


# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



BUDDHA Bar & Restaurant

**LUNCHING SOON**

**HAADI BIRYANI**



RS. 399

MANY MORE FOODS TO KILL YOUR HUNGER

Hetauda-4, School Road
buddha bar & restaurant
For Delivery 9802923576

# नयाँ वर्षको अवसरमा खाना महोत्सव हुने



*सडक खाना महोत्सवको विषयमा जानकारी गराउनुहुँदै एसोसिएसनका कार्यवाहक अध्यक्ष विष्णुगोपाल महर्जन ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुर होटल एसोसिएसनको आयोजनामा तीन दिन सडक खाना महोत्सव हुने भएको छ । यही पुस १३, १४ र १५ गते हेटौँडा-४, हुप्रचौरमा सडक खाना महोत्सव आयोजना गर्न लागिएको एसोसिएसनले बिहिबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । इस्वी सम्वत्को नयाँ वर्षको अवसर पारेर एसोसिएसनले आयोजना गर्ने सडक खाना महोत्सवले स्थानीय परिकार, कलाकार र आन्तरिक पर्यटन प्रवर्द्धन हुने अपेक्षा गरेको छ ।

एसोसिएसनका कार्यवाहक अध्यक्ष विष्णुगोपाल महर्जनले महोत्सवमा सहभागी व्यवसायीले आफ्नो सेवा प्रवर्द्धनको अवसर पनि पाउने बताउनुभएको छ । ४० वटा स्टलहरु रहने महोत्सव आयोजनाका लागि हेटौँडा उपमहानगरपालिकाले पनि सहयोग गर्ने प्रतिवद्धता जनाएको उहाँले जानकारी दिनुभयो । २०६५ सालदेखि आयोजना गरिँदै आएको महोत्सव २०७६ सालयता हुन सकेको थिएन ।

सडकमै जाऔं, सडकमै खाऔं, सडकमै रमाऔं भन्ने नारासहित सडक खाना महोत्सवको आयोजनामा ११ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको एसोसिएसनले जनाएको छ । महोत्सवमा ३० हजार भन्दा बढी सर्वसाधारणको सहभागिता रहने अनुमान गरिएको छ ।

# प्रधानमन्त्री कप क्रिकेटका लागि ४ वटा टिम दर्ता

समाज संवाददाता

हेटौंडाः प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि मकवानपुर जिल्लाबाट ४ वटा पुरुष टिम दर्ता भएको छ । बिहीबारसम्म जिल्लामा रहेको विभिन्न क्रिकेट क्लब, कलेज, ऐकेडेमी लगायतका ४ वटा टिम दर्ता भएको मकवानपुर जिल्ला क्रिकेट संघ अध्यक्ष करन महत्रा क्षेत्रीले जानकारी दिनुभयो ।

अध्यक्ष क्षेत्रीका अनुसार संघले ३ वटा टिमको अपेक्षा गरेको थियो । दर्ताका लागि आवेदन दिने समय आज शुक्रबार सम्म रहेको छ । दर्ता गराएका टिमबाट संघले शनिबार निर्धारित ४० ओभरको प्रतियोगिता गरी विजयी टिमलाई प्रदेशमा पठाउने भएको छ ।

शनिबार पहिलो चरणमा छनोट भएका खेलाडीहरुले प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनका लागि ६ वटा जिल्लाबाट आएका खेलाडीहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने क्षेत्रीले बताउनुभयो । मकवानपुर जिल्लाका साथ चितवन, नुवाकोट, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाको सहभागिता रहनेछ ।

# पर्यटन प्रवर्द्धनका लागि पदयात्रा

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी पर्यटन विकास समन्वय समितिले भोलि शनिबारबाट पदयात्रा सुरु गर्ने भएको छ । मकवानपुर जिल्लामा भएका ऐतिहासिक क्षेत्रको जानकारीसमेत गराउने उद्देश्यले समन्वय समितिले पदयात्रा कार्यक्रम आयोजना गरेको पर्यटन विकास समन्वय समितिका सहसचिव ओकिलराज बानियाँले जानकारी दिनुभयो ।

बानियाँका अनुसार भ्रमणमा सहभागीहरुलाई मकवानपुरगढी, ढुंगेगढी, राजकुवा, कालिकादेवी मन्दिर, जुङ्गे दरबार तथा शिखरकटेरीस्थित विजय पार्कको अवलोकन गराइनेछ । पदयात्रा शनिबारबाट सञ्चालनमा आउनेछ । पदयात्रा भ्रमणमा हरेक पालिका तथा अन्य स्थानका बासिन्दाले सहभागिता जनाउन पाउने बानियाँले बताउनुभयो । शनिबारको सहभागिता हेरी भ्रमणलाई निरन्तरता दिने उहाँले जानकारी दिनुभयो । शनिबार बिहान ८ बजे हेटौंडाबाट बसमा मकवानपुरगढी पुगेपछि पदयात्रा सुरुवात हुनेछ । एकदिनमा पदयात्रा भ्रमण पूरा गरी सोही दिन फर्किने जनाइएको छ । सहभागिता शुल्क ५ सय रुपैयाँ राखिएको छ । भ्रमणको दिन समितिले खाजा र खानाको व्यवस्था मिलाउने बानियाँले बताउनुभयो ।

# बालमैत्री सहजकर्तालाई अभिमुखिकरण

समाज संवाददाता

हेटौंडाः सिविन बाल हेल्पलाइन मकवानपुरको आयोजनामा बालमैत्री सहजकर्ताहरुलाई एक दिने बालमैत्री अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । बिहिबार हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका, मनहरी गाउँपालिकाका बालमैत्री सहजकर्ताहरुलाई एकदिने बालमैत्री अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा सिविन बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले बालअधिकार, बालसंरक्षण, तथा बालमैत्री स्थानीय शासन बारे अभिमुखीकरण दिनुभएको हो । ज्ञवालीका अनुसार हाल बालबालिकाहरु सामाजिक सञ्जाल तथा ईन्टरनेट अनलाईनले पनि बालबालिकामा मानसिक असर परिरहेको बताउनुभयो । यसको प्रभावले बालबालिकाहरु बालविवाहमा जाने डर उच्च रहेको बताउनुभयो ।

त्यस्तै सोही कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मामाघर नेपालका संस्थापक अर्पण पराजुलीले सहजकर्ताहरुका लागि आत्मविश्वास कसरी बढाउने सकिने, बालमैत्री कार्य गर्दाको समन्वयको भूमिका विषयमा जानकारी गराउनुभयो । कार्यक्रममा सिविन बालहेल्पलाइन हेटौंडाकी अधिकृत सम्झना अधिकारी, बालमैत्री नगर सहजकर्ता सपना ढुंगानाको पनि उपस्थिति रहेको थियो ।

# दुर्घटनामा अमरको मृत्यु

समाज संवाददाता

हेटौंडाः बिहिबार साँझ मकवानपुरको बागमती गाउँपालिका-८, साततलेमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । बिहिबार साँझ हेटौंडा-सिन्धुली सडकखण्डको साततलेमा बागमती प्रदेश ०३-००२ प ३२६५ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको थियो ।

दुर्घटनामा परी साततलेकै ४२ वर्षीय अमर पाख्रिनको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी गम्भीर घाईते भएका पाख्रिनलाई उपचारका लागि बिहिबार साँझ ६ बजेर ४५ मिनेटमा हेटौंडा अस्पताल पुऱ्याइएको थियो । पाख्रिनको उपचारको क्रममा बिहिबार साँझ ६ बजेर ५५ मिनेटको समयमा डाक्टरले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

## हार्दिक समवेदना



जन्मः १९९१/०९/२० — **स्व. लिलानाथ लामिछाने** — देहावसानः २०८०/०८/२०

*मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका सदस्य आदरणीय प्रल्हाद लामिछानेका पुजनीय बुबा* **लिलानाथ लामिछाने***को देहावसान भएको दुःखद् घटनाले हामी मर्माहत भएका छौं ।* **आज १३ औं दिन***को पूण्यतिथिमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**छोइसाङ लामा, अध्यक्ष**
**एवम् स्वतन्त्र विद्यार्थी युनियन परिवार**
**मकवानपुर बहुमुखी क्याम्पस**
**हेटौंडा, मकवानपुर**

## हार्दिक समवेदना



जन्मः १९९१/०९/२० — **स्व. लिलानाथ लामिछाने** — देहावसानः २०८०/०८/२०

*यस विद्यालय शिक्षक मीनप्रसाद लामिछानेका पुजनीय बुबा* **लिलानाथ लामिछाने***को देहावसान भएको दुःखद् घटनाले हामी मर्माहत भएका छौं ।* **आज १३ औं दिन***को पूण्यतिथिमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**जिधराज ढकाल, प्रधानाध्यापक**
**एवम् चन्द्रोदय माध्यमिक विद्यालय परिवार**
**हेटौंडा-८, बहादुरगन्ज**

## हार्दिक समवेदना



जन्मः १९९१/०९/२० — **स्व. लिलानाथ लामिछाने** — देहावसानः २०८०/०८/२०

*मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका सदस्य आदरणीय प्रल्हाद लामिछानेका पुजनीय बुबा* **लिलानाथ लामिछाने***को देहावसान भएको दुःखद् घटनाले हामी मर्माहत भएका छौं ।* **आज १३ औं दिन***को पूण्यतिथिमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**डा. शंकरप्रसाद उपाध्याय**
**क्याम्पस प्रमुख**
**एवम् मकवानपुर बहुमुखी क्याम्पस परिवार**
**हेटौंडा, मकवानपुर**

## हार्दिक समवेदना



जन्मः १९९१/०९/२० — **स्व. लिलानाथ लामिछाने** — देहावसानः २०८०/०८/२०

*शिक्षक हित साकोसका अध्यक्ष शिवप्रसाद लामिछाने, सिस्नुपानी नेपाल मकवानपुरका उपाध्यक्ष मीनप्रसाद लामिछाने तथा राजनीतिकर्मी संविधानसभा सभासद् प्रल्हाद लामिछानेका आदरणीय बुबा* **लिलानाथ लामिछाने***को देहावसान भएको दुःखद् घटनाले हामी मर्माहत भएका छौं ।* **आज १३ औं दिन***को पूण्यतिथिमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**राजकुमार लामिछाने, अध्यक्ष**
**एवम् सिस्नुपानी नेपाल मकवानपुर परिवार**
**हेटौंडा, मकवानपुर**

## हार्दिक समवेदना



जन्मः १९९१/०९/२० — **स्व. लिलानाथ लामिछाने** — देहावसानः २०८०/०८/२०

*मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका सदस्य आदरणीय प्रल्हाद लामिछानेका पुजनीय बुबा* **लिलानाथ लामिछाने***को देहावसान भएको दुःखद् घटनाले हामी मर्माहत भएका छौं ।* **आज १३ औं दिन***को पूण्यतिथिमा बुबाको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

**केशव तिमल्सिना, अध्यक्ष**
**एवम् पब्लिक क्याम्पस प्राध्यापक संघ परिवार**
**मकवानपुर बहुमुखी क्याम्पस**
**हेटौंडा, मकवानपुर**

## अपाङ्गताको आधारमा भेदभाव नगरौं

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।

- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं ।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ